**नेपाल सरकार**

**शिक्षक सेवा आयोग**

**कार्यरत अस्थायी शिक्षकहरुको परीक्षा मिति संशोधन सम्बन्धी अत्यन्त जरुरी**

**सूचना**

शिक्षा ऐन (संशोधनसहित), २०२८ को दफा ११च. बमोजिम यस आयोगबाट मिति २०७३ चैत्र १९ गते प्रकाशित प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तह, तृतीय श्रेणीको परीक्षा कार्यक्रम मिति २०७४ भाद्र ०३ गते तोकिएकोमा केही दिनदेखि पर्न गएको अविरल वर्षाको कारणले मुलुकका केही भागहरुमा असहज अवस्था सृजना भएको छ । कतिपय परीक्षा केन्द्रमा परीक्षा सञ्चालन गर्न सक्ने अवस्था नरहेको र परीक्षार्थीहरु समेत परीक्षा केन्द्रसम्म आवतजावत गर्न नसक्ने अवस्थालाई दृष्टिगत गर्दै उक्त परीक्षा मिति २०७४ भाद्र १० गते शनिबार बिहान ११:०० बजे पूर्व घोषित परीक्षा केन्द्रमा नै हुने गरी संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसबाट परीक्षामा सम्मिलित हुन परीक्षा केन्द्रसम्म पुगेका वा पुग्दै गरेका परीक्षार्थीहरुलाई पर्न गएको असुविधाको लागि आयोग दु:ख व्यक्त गर्दछ ।

बाढीपीडितमा परेका व्यक्तिहरुलाई राहत स्वरुप यस आयोगका अध्यक्ष एवं सदस्यहरुले पाँच दिनको तलब बराबरको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरियो ।